

**अब के हुन्छ कांग्रेस महाधिवेशन सम्बन्धी कार्यतालिका ?**

✍ मधुसुदन भट्टराई

पृष्ठ २

जि.प्र.का. झापा दर्ता नं. १५०/२०७६/०१/१६

सूचना र सञ्चार, नागरिकको अधिकार

# निष्कर्ष न्यूज

NISHKARSHA NEWS WEEKLY साप्ताहिक

वर्ष - ५ | अंक - ०३ | भाद्र १४ गते आइतबार २०८३ | Sunday 30 Aug, 2026 | मूल्य : रू. १५।-

## भोटेकोशी – त्रिशुली बाढी प्रभाव

# मृतक संख्या ६६९ पुग्यो, राहत र उद्धार अभाव ?

✍ निष्कर्ष न्यूज डेस्क

**झापा/** भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीमा परी मृत्यु हुनेको सङ्ख्या ६६९ पुगेको छ। नेपाल प्रहरीले बाढी प्रभावित क्षेत्रबाट आज साँझ ४ बजेसम्म ६६९ जनाको शव फेला परेको जनाएको हो।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार रसुवामा १३, धादिङमा ४९, नुवाकोटमा ४१, गोरखामा ५४, तनहुँमा ३१, चितवनमा २४८, नवलपरासी पूर्वमा १५८ र नवलपरासी पश्चिममा ७५ जनाको शव फेला परेको छ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक (डिआइजी) अविनारायण काफ्लेका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म दुई हजार ३०१ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये रसुवाका ६७६, नुवाकोटका एक हजार ६२२ र धादिङका तीन जना रहेका छन्।

विभिन्न स्थानबाट उद्धार गरिएका गम्भीर घाइतलाई थप उपचारका लागि काठमाडौँ ल्याइएको छ। प्रहरीका अनुसार काठमाडौँका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १४० जना रहेका छन्।

रसुवा बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका केही कर्मचारीसमेत सम्पर्कविहीन भएका छन्। प्रहरीका अनुसार नेपाली सेनाका ४४, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बल, नेपालका १३ जना कर्मचारी अझै सम्पर्कविहीन छन्।

बाढी प्रभावित क्षेत्रमा बेपत्ताको खोजी तथा उद्धार कार्यलाई तीव्र पारिएको प्रहरीले जनाएको छ। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाललगायत सम्बन्धित निकायका सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार कार्य जारी राखेका छन्। बाढीका कारण प्रभावित क्षेत्रमा मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै बेपत्ताको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ।



**शव पहिचानको प्रक्रिया अघि बढाइयो**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा परी मृत्यु भएका तथा बेपत्ता भएकामध्ये भेटिएका शव चितवनका विभिन्न अस्पतालमा ल्याएर पहिचानको प्रक्रिया अघि बढाइएको छ। पहिचान हुन नसकेका शवको डिएनए परीक्षणमार्फत पहिचान गर्ने तयारी गरिएको छ।

पुरानो मेडिकल कलेज तथा कलेज अफ मेडिकल साइन्सेज, भरतपुरका चिकित्सक डा. प्रभाष रोयका अनुसार बाढीमा परी भेटिएका केही शव ट्याटू, कानमा मुन्द्री, शरीरमा रहेका दाग लगायतका आधारबाट समेत पहिचान हुन नसकेपछि डिएनए परीक्षणको प्रक्रिया अघि बढाइएको हो।

पहिचान नभएका प्रत्येक शवबाट दुई-दुई वटा दाँतको नमूना निकालिएको छ। दाँत डिएनए परीक्षणका लागि भरपर्दो स्रोत भएकाले नमूना संकलन गरी काठमाडौंस्थित फरेन्सिक साइन्स टोलीलाई पठाइएको उनले बताए।

चितवनका सरकारी तथा निजी अस्पताल, होल्डिङ सेन्टर र अन्य स्थानमा राखिएका शवबाट समेत नमूना संकलन गरिएको छ। राति ३३ वटा शवबाट नमूना संकलन गरिएको र त्यसपछि बिहानैदेखि थप शवको नमूना संकलनलाई निरन्तरता दिइएको उनले जानकारी दिए।

शव धेरै समयसम्म राख्दा संक्रमणको जोखिमसमेत बढ्ने भएकाले प्रशासनिक निर्णय अनुसार डिएनए नमूना संकलनपछि शव व्यवस्थापन तथा अन्त्येष्टिका लागि देवघाट क्षेत्रतर्फ लैजाने प्रक्रिया अघि बढाइएको छ। संकलित डिएनए नमूनाले अहिले पहिचान हुन नसकेका शवको पहिचान गर्न मात्र नभई भविष्यमा परिवारजनलाई आफ्ना आफन्त चिन्नसमेत सहयोग पुग्ने डा. रोयले बताए।

**चिनियाँ विज्ञ टोली आयो**

बाढीमा फसेकाको उद्धारका लागि चिनियाँ विज्ञ टोली नेपाल आएको छ।

शनिबार दिउँसो चिनियाँ विज्ञको ६ जनाको टोली नेपाल आएको हो। उनीहरु सरकारको अनुमतिमा बाढीग्रस्त क्षेत्रमा खटिएको प्रधानमन्त्री बालेन शाहको सचिवालयले जनाएको छ।

उनीहरू चिनियाँ हेलिकप्टरमार्फत सोझै टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग समन्वय र सहकार्य गर्दै संयुक्त रूपमा उद्धारको काम सुरू गरेको प्रधानमन्त्री बालेनको सचिवालयले जनाएको छ। संयुक्त टोलीले सुरुङभित्रको वस्तुस्थिति र सम्भाव्यताको प्राविधिक रेकी (अनुगमन) गर्ने भनिएको छ। त्यसपछि प्रारम्भिक अनुगमनका आधारमा उद्धार सम्भव हुने देखिएमा चीनतर्फ रसुवा सीमा क्षेत्रमा स्ट्यान्डबाई अवस्थामा राखिएका चिनियाँ विज्ञहरूलाई पनि तत्काल घटनास्थलमा बोलाइने भनिएको छ।

सुरुङभित्रको अवस्था अत्यन्त चुनौतीपूर्ण भए तापनि नेपाल सरकार, नेपाली सेना र चिनियाँ विज्ञ टोलीको एकीकृत प्रयासबाट फसेका श्रमिकहरूलाई सकुशल बाहिर बाँकी ६ पेजमा ➲

# शिक्षक हत्याको आरोपमा ११ जना पक्राउ

**खोटाङ**/खोटाङको केपिलासगढी गाउँपालिका-७ सुङ्देलस्थित सूर्य माध्यमिक विद्यालयका शिक्षक भानुभक्त राईलाई कुटपिट गरी हत्या गरेको आरोपमा ११ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

धार्मिक तथा पर्यटकीयस्थल सालपा पोखरीमा ऋषितर्पणी पूर्णिमाको अवसरमा लाग्ने मेला भर्न गएका बेला बिहीबार राति भएको विवादपछि कुटपिट हुँदा शिक्षक राईको मृत्यु भएको प्रहरीले जनाएको छ। शिक्षक राईको ज्यान जानेगरी कुटपिटमा संलग्न सुङ्देलका ११ जना रहेका प्रारम्भिक अनुसन्धानमा खुलेपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रमुख एवं प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिए।

"घटनास्थलसम्म पैदल जानुपर्छ। त्यस क्षेत्रमा टेलिफोनको नेटवर्कले काम गर्दैन। घटनाका विषयमा थप विवरण आउन बाँकी छ", उनले भने, "प्रारम्भिक अनुसन्धानका लागि ११ जनालाई नियन्त्रणमा लिएका छौँ। घटनास्थलबाट प्रहरी टोली फर्किएपछि थप विवरण खुल्छ। आरोपितसहित घटनालस्थलबाट हिँडेका प्रहरी टोली आज बेलुकासम्ममा जिल्ला प्रहरी कार्यालय भोजपुर आइपुग्ने अनुमान गरेका छौँ।" राहत कोटाको निम्न माध्यमिक तहमा कार्यरत शिक्षक राईको हत्या आरोपमा प्रहरीले नियन्त्रणमा लिएका कसैको पनि अहिलेसम्म विवरण खुलाएको छैन।

शिक्षक राईको हत्या सामूहिक कुटपिटबाट भएकाले घटनाका दोषी कोही पनि उम्कन नदिनेगरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

ऋषितर्पणी पूर्णिमादेखि लगातार तीन दिन विद्यालय बिदा भएपछि सङ्खुवासभा पुगेर फर्कने भन्दै शिक्षक राई बिहीबार गाउँबाट हिँड्नुभएको विद्यालयका प्रधानाध्यापक बाँकी ३ पेजमा ➲

ॐ मेची हस्पिटल दमकमा

इमर्जेन्सी सेवा २४ सै घण्टा।

डा. सुजित हुजदार
एमबीबीएस काठमाडौं युनिभरसिटी, नेपाल मेडिकल कलेज

डा. हरिमोहन चौधरी
एमबीबीएस काठमाडौं युनिभरसिटी, लुम्बिनी मेडिकल कलेज

ओ.पी.डी.मा वरिष्ठ प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरुको सेवा

डा. निरञ्जनसिंह बोगटी
प्रत्येक आइतबार, मंगलबार र बिहीबार

डा. शंकरप्रसाद हुजदार
प्रत्येक सोमबार बुधबार र शनिबार

समय : बिहान ८ बजेदेखि १२ बजेसम्म र दिउँसो २ देखि ४ बजेसम्म

ॐ मेची हस्पिटल
दमक-७, झापा

## सम्पादकीय

# बिपत्तीको बेला एकजुट बनौं

भदौ १० गते चीनको तिव्वत हुँदै भोटेकोशी नदीमा आएको बाढीले देश आक्रान्त छ । अकल्पनीय बाढीले रसुवा, नुवाकोट लगायतका जिल्लाको भौतिक र मानवीय अवस्था क्षतविक्षत छ । सरकार र जनस्तरबाट अहिले आधारभूत तथा प्रारम्भिक उद्धारको काम जारी छ । विभिन्न छिमेकी मुलुक तथा सहयोगी निकायहरुबाट पनि नेपालको घाउमा दर्विलो साथ सहयोग प्राप्त भई रहेको छ । यस विसम परिस्थितिमा सहयोग र सहायतामा जुट्नु हामी सवैको कर्तव्य हो, यो मानवीय दायित्व पनि हो ।

हरेक बिपत्तीहरुमा राहत संकलन र वितरणमा विभिन्न प्रकारका समस्याहरु पनि आउने गरेको छ । कतिपयले पीडितहरुको नाममा राहत संकलन गर्ने कार्यलाई उद्यमको रुपमा समेत विकास गराउने खतरा रहन्छ भने प्राप्त राहत र सहयोग पनि लक्षितहरु सम्म नपुग्ने जोखिम पनि रहन्छ । यस्तै कतिपय स्थानमा राहत र सहयोग थुप्रिने र कतै नपुग्ने अवस्था पनि विगतका बिपत्तीहरुमा देखिएको छ । त्यसैले राज्य र सहयोगीहरु सवै यस्ता विषयमा संवेदनशिल बन्न जरुरी छ ।

अकल्पनीय संख्यामा मानवीय क्षति भएको र बेपत्ताहरुको संख्या पनि उस्तै असोचनिय रुपमा रहेकाले परम्परागत उद्धारको प्रकृया भन्दा माथि उठेर आधुनिक र प्रविधियुक्त उद्धार कार्यलाई तदारुकता दिन जरुरी छ । यस पटक बिपत्ती आएको क्षेत्रमा धेरै संख्यामा सुरुङहरु रहेकाले त्यहाँ भित्रको मानवीय अवस्था प्रति थप संवेदनशिल बन्न आवश्यक छ । सरकारले उद्धार कार्यमा विदेशी सहयोग लिन आनाकानी गरि रहेको सुनिनु मानवीयताका दृष्टिकोणले उपयुक्त होईन । घरमा आगो लागेका बेला छिमेकीले एक लोटा पानी भए पनि ल्याएर आगो निभाउन सहयोग गर्छ भने तिम्रो सहयोग चाँहिदैन भनेर अव्यवहारीक स्वाभिमान फलदायी हुँदैन । त्यसैले दिशा धोए पछि हात धुन सिकाउन समेत वैदेशिक सहयोग लिनु पर्ने अवस्थामा पहिरो, सुरुङ, हिमताल विष्फोट जस्ता जटिल विषयमा छिमेकीको सहयोगलाई रोक्नु होईन जति सक्दो तिव्रता दिन र मानवीय क्षति न्युनिकरणमा समय खर्चिन आवश्यक बेला हो ।

नेपाली समाजलाई अपुरणीय र अकल्पनीय क्षति पुर्याएको यस पटकको बाढीबाट केहि पाठ सिक्न अवश्यक जरुरी छ । विपत् पूर्वसुचना प्रणालीलाई चुस्त बनाउने, छिमेकी मुलुकहरुसँग अन्तरदेशीय सहकार्य गर्ने, नेपालको शिरमा वाटरबमको रुपमा रहेका हिमतालहरुको जोखिमको अवस्थामा थप अध्ययन र सहकार्य गर्ने जस्ता विषयलाई पनि दिर्घकालिन विषयसुचीमा राखेर आगामी दिनमा यस्ता बिपत्तीका बेला क्षति न्युनीकरण तर्फ लाग्न समेत समयले पाठ सिकाएको छ ।




# अब के हुन्छ कांग्रेस महाधिवेशनसम्बन्धी कार्यतालिका ?



✍ मधुसुदन भट्टराई



नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट चयन भएको कार्यसमितिलाई १५औं महाधिवेशनको प्रक्रिया अगाडि बढाउन बाटो खुलेको छ । कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले महाधिवेशन प्रक्रिया रोक्न उत्प्रेषणको माग राख्दै दर्ता गराएको पूरक निवेदन सर्वोच्च अदालतले अस्वीकार गरेपछि गगन कुमार थापा नेतृत्वको कार्यसमितिलाई महाधिवेशन प्रक्रिया अगाडि बढाउन बाटो खुलेको हो ।

बिहीबार न्यायाधीशहरू डा. नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले अन्तरकालीन आदेश दिन अस्वीकार गर्यो । योसँगै थापा नेतृत्वले भदौ २४ गते वडा अधिवेशन सुरु गरेर असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा पार्टीको १५औं महाधिवेशन गर्नेगरी ल्याएको कार्यतालिका अगाडि बढाउने बाटो खुलेको हो ।

कांग्रेसले भदौ २४ गतेदेखि वडा अधिवेशन सुरु गरेर असोज १९ गतेसम्म १५औं महाधिवेशन सम्पन्न गर्ने गरी महाधिवेशन कार्यतालिका ल्याएको छ । योसँगै गत पुस २७ देखि ३० गतेसम्म भएको विशेष महाधिवेशनपछि सुरु भएको कांग्रेस विवाद कसरी अगाडि बढ्छ भन्ने चर्चा सुरु भएको छ ।

उपसभापति विश्वप्रकाश शर्माले शुक्रबार बिहान पार्टीलाई एकताबद्ध बनाएर अगाडि बढाउन आग्रह गरेका छन् । 'नेपाली कांग्रेसको महाधिवेशन रोक्न माग गरिएको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश नदिएपछि अब एकताबद्ध भएर अघि बढ्नुपर्छ । सबै विमति भुलेर सहकार्यमा आउन उनले असन्तुष्ट पक्षलाई आग्रह गर्दछु,' उपसभापति शर्माले भिडियो सन्देशमा भनेका छन् । 'सर्वोच्चको पूर्ण इजलाशले फैसला पुनरवलोकन आदेश दिएको हो । त्यसलाई आधार मान्नुपर्नेमा त्यो भन्दा अगाडिको फैसलालाई आधार बनाइयो,' डा.महतले भने ।'

यता इतर (निवर्तमान सभापति शेरबहादुर देउवा र नेता डा.शेखर कोइराला)समूहले सर्वोच्चले पुनरवलोकन आदेशलाई आधार मान्नुपर्नेमा गत वैशाख ४ गतेको फैसलालाई आधार मानेको भन्दै असन्तुष्टि जाहेर गरेको छ । समूहका नेता तथा निवर्तमान प्रवक्ता डा. प्रकाशशरण महतले सर्वोच्चले आफूले दिएको पुनरवलोकन आदेशलाई आधार नमानेर फैसलालाई आधार मानेको भन्दै असन्तुष्टि जनाए ।

अब कसरी अगाडि बढ्ने भन्ने बैठक बसेर तय गरिने डा. महतको भनाइ छ । 'सर्वोच्चको पूर्ण इजलाशले फैसला पुनरवलोकन आदेश दिएको हो । त्यसलाई आधार मान्नुपर्नेमा त्यो भन्दा अगाडिको फैसलालाई आधार बनाइयो,' डा.महतले रातोपाटीसँग भने । पुनरावलोकनको फैसला संस्थापनले तोकेको मिति भन्दा पछाडि हुने देखियो भने आफूहरूले पनि छुट्टै अधिवेशन गर्नेबारेका पनि कुराकानी भइरहेको जानकारी डा. महतले दिए । 'अब पुनरवलोकनको फैसला आउन महाधिवेशनभन्दा पछि हुने जस्तो देखियो भने त हामीले पनि छुट्टै अधिवेशनहरू गर्नुपर्ने हुनसक्छ । त्यसबारे पनि कुराकानी भइरहेको छ' डा. महतले भने ।

यसैबिच, १५ औं केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक डा. शशांक कोइरालाले शनिबारबार एक प्रेस विज्ञप्ति जारी गर्दै इतर पक्षले १५ औं महाधिवेशनका लागि छुट्टै कार्यतालिका सार्वजनिक गर्ने जानकारी दिएका छन् ।

पार्टीको केन्द्रीय कार्यसमितिको आधिकारिकताको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको उल्लेख गर्दै पार्टीको विधान र संविधान अनुसार वर्तमान कार्यसमितिको पदावधि सकिन लागेको कोइरालाले बताए । आगामी वैशाखमा हुने स्थानीय तहको निर्वाचन र त्यसको केही समयपछि हुने प्रदेश सभा निर्वाचनलाई मध्यनजर गर्दै पार्टीलाई सुदृढ बनाउन महाधिवेशन अनिवार्य भएको उनले उल्लेख गरे।

संस्थापनले भने पार्टीको १५औं महाधिवेशनका पूर्वनिर्धारित कार्यक्रम सुरु गर्ने र सबैलाई भाग लिने वातावरण निर्माण गर्न प्रयास गर्ने बताएको छ ।

प्रवक्ता चालिसेले अधिवेशनका क्रियाकलाप अगाडी बढाउन अदालतले बाटो खोलिदिएकाले आफूहरूले पूर्वनिर्धारित कार्यक्रमलाई निरन्तरता दिने बताए ।

प्रवक्ता देवराज चालिसेले पूर्वनिर्धारित कार्यक्रमलाई अगाडि बढाउँदै सबैलाई महाधिवेशनमा भाग लिने वातावरण निर्माण गर्न आफूहरू लाग्ने बताए । 'सर्वोच्चको आदेशपछि बैठक बसेर कुनै निर्णय त गरेका छैनौं । तर, १५औं महाधिवेशनका पूर्वनिर्धारित कार्यक्रम यथावत रहन्छन्,' प्रवक्ता चालिसेले रातोपाटीसँग भने, 'कानुनी विवादमा पार्टी अधिवेशनलाई झमेलामा पार्न हुँदैन भनेर हामीले भन्दै आएका थियो । त्यसै अनुरुप संस्थाको संस्थागत निरन्तरताको पक्षमा अदालतको आदेश आएको छ ।'

प्रवक्ता चालिसेले अधिवेशनका क्रियाकलाप अगाडि बढाउन अदालतले बाटो खोलिदिएकाले आफूहरूले पूर्वनिर्धारित कार्यक्रमलाई निरन्तरता दिने बताए । कांग्रेसको आधिकारिता विवादमा निर्वाचन आयोगले गत माघ २ गते विशेष महाधिवेशनबाट थापाको सभापतित्वमा चयन भएको कार्यसमितिलाई मान्यता दिएको थियो । त्यसविरुद्ध परेको रिटमा सर्वोच्चले वैशाख ४ गते आयोगकै निर्णयलाई सदर गरिदिएको थियो ।

देउवा र खड्काले फैसलामा पुनः सुनुवाइको माग गरी पुनरवलोकनको दिनवेदन दिएकोमा सर्वोच्चबाट पुनः फैसला गर्ने निर्णय गरेको थियो । त्यो फैसला भने भएको छैन ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिका पूर्वसदस्य तथा वरिष्ठ अधिवक्ता एगराज पोखरेलले विशेष महाधिवेशनबाट आएको केन्द्रीय कार्यसमितिलाई १५औं महाधिवेशनका गतिविधि अगाडि बढाउन बाटो खुला भएको बताए ।

'अन्तरकालीन आदेश नआएपछि विशेष महाधिवेशनबाट आएको समितिलाई महाधिवेशनका गतिविधि अगाडि बढाउन बाटो खुलेको छ, तर पुनरवलोकनको फैसला आउन बाँकी नै छ,' वरिष्ठ अधिवक्ता पोखरेलले रातोपाटीसँग भने, 'फैसला पुनरवलोकन भयो भने यो कार्यसमितिले गरेका अधिवेशन उल्टिन्छन् ।' कसरी उल्टिन्छन् भन्ने रातोपाटीको प्रश्नमा पोखरेलले भने, 'विशेष महाधिवेशन नै अवैध भयो भने उसले गरेका पार्टीका क्रियाकलाप त वैध हुने कुरा भएन ।'

रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं,
वन क्षेत्रमा चरिचरन बन्द गरौं ।
आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।
चुलाचुली गाउँपालिका
चुलाचुली इलाम

# अनेमसंघ कोशी प्रदेशको दोश्रो सम्मेलन




*__दमक__/ नेकपा एमाले सम्बद्ध अखिल नेपाल महिला संघ कोशी प्रदेश कमिटिको दोश्रो सम्मेलन सम्पन्न भएको छ । संगठनकी केन्द्रिय अध्यक्ष टुकाभद्र हमालको प्रमुख उपस्थितीमा आइतबार इटहरीमा सम्पन्न सम्मेलनले सिर्जना राईको अध्यक्षतामा ५३ सदस्यीय प्रदेश कमिटी सर्वसम्मत चयन गरेको जनाइएको छ । सम्मेलनबाट सर्बसम्मत निर्बाचित उपाध्यक्षद्धयमा सरला राई र पुस्पकला भुजेल , सचिबमा दुर्गा काफ्ले , उपसचिबमा सिर्जना नेपाली र कोषाध्यक्षमा.हेमकुमारी चौहान रहेका छन् ।*

## शिक्षक......

ललितचन्द्र राईले बताए । सङ्खुवासभाबाट फर्किएर सालपा पोखरी पुग्नुभएका शिक्षक राई बिहीबार राति गाउँलेहरूसँग बास बस्नुभएको जानकारी पाइएको उनको भनाइ छ ।

सालपा पोखरी नजिकै आयोजना गरिएको धार्मिक मेला भर्ने क्रममा बिहीबार दिउँसो सुङ्देलकै माइकल भनिने निशान राईसँग विवाद भएको प्रत्यक्षदर्शीले बताएका छन् । दिउँसोको विवादपछि राति योजनाबद्ध तरिकाले गाउँले उठाएर कुटपिट गरी शिक्षक राईको हत्या भएको मृतकका आफन्तले आरोप लगाएका छन् । घटना भएको क्षेत्र भोजपुर जिल्लामा पर्ने भएकाले अनुसन्धान तथा कारबाहीको सबै प्रक्रिया जिल्ला प्रहरी कार्यालय भोजपुरले गर्ने कानुनी व्यवस्था छ । घटनाका विषयमा थप सहयोग गर्नुपरेको खण्डमा जिल्लाबाट सहयोग गरिने जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिएका छन् ।

vh ;dfrf/

# कासिबलाई हराउँदै रवीन्द्र ढाँट रोड टु युएफसीको फाइनलमा प्रवेश




**काठमाडौं**/ नेपाली फाइटर रवीन्द्र ढाँट रोड टु युएफसीको फाइनलमा प्रवेश गरेका छन् । चीनको साङ्घाईस्थित अक्टागनमा भएको खेलमा न्युजिल्यान्डका फाइटर कासिब मर्डोकलाई हराउँदै फाइनलमा पुगेका हुन् । तीन राउण्डको खेलमा स्प्लिट डिसिजनको आधारमा ढाँट विजयी भएका हुन् । पहिलो जजले ढाँटको पक्षमा २९-२८ अंक दिएका थिए । दोस्रो जजले कासिबको पक्षमा २९-२८ अंक दिए ।

तेस्रो जजले ढाँटकै पक्षमा २९-२८ अंक दिएपछि ढाँट विजयी भएका हुन् । ढाँटले अब यों ताजिमासँग फाइनलमा खेल्नेछन् । ताजिमाले सेमिफाइनलमा भारतका चुङग्रेन कोरेनलाई पराजित गर्दै फाइनल पुगेका थिए । फाइनल जितेमा उनी युएफसीका लागि छनोट हुनेछन् ।

# नेपाल एक विकेटले पराजित

**काठमाडौं**/अस्ट्रेलियामा चलिरहेको टप इन्ड टी-२० शृङ्खलाको अन्तिम खेलमा नेपाल 'ए' भिक्टोरिया एकेडेमीसँग एक विकेटले पराजित भएको छ । यससँगै नेपाल 'ए'ले दुई जित र चार हारसहित तालिकाको सातौँ स्थानमा रहँदै शृङ्खला टुङ्ग्याएको छ । नेपाल 'ए'ले दिएको १४३ रनको लक्ष्य भिक्टोरियाले अन्तिम ओभरको अन्तिम बलमा नौ विकेट गुमाएर पूरा गरेको हो । भिक्टोरियाको जीतमा ह्यारी होक्स्ट्राले अविजित ३५, टम रोजर्सले ३६ र ह्यारी डिक्सनले ३० रन बनाए ।

नेपालका युवराज खत्री र कुशल भुर्तेलले तीन/तीन तथा आकाश चन्दले एक विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको नेपाल 'ए'ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४२ रन बनाएको थियो । कुशल भुर्तेलले अविजित ७० रन बनाए भने दीपक डुम्रेले १६ रन जोडे ।

यसअघि नर्दन टेरिटोरी स्टाइक, बङ्गलादेश हाइ प्रफर्मेन्स टोली र किंग्समेन एकेडेमीसँग पराजित नेपालले होबर्ट हुरिक्यास एकेडेमी र अस्ट्रेलिया क्यापिटल टेरिटोरीलाई हराएको थियो ।



# साप्ताहिक राशिफल

## भाद्र १३ गते आइतबारदेखि साउन १९ गते शनिबारसम्म



### ज्यो. दुर्गाप्रसाद भण्डारी

**मेष** (चू,चे,चो,ला,लि,लू,ले,लो,अ) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे) साताको प्रारम्भमा धैर्य र व्यवहारिक सोचले विशेष लाभ दिलाउनेछ। आफ्नो लक्ष्यमा दृढ हुनुहुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुनेछ। सुरुवात गरेको नयाँ कार्यमा सफलता मिल्नेछ। आफ्नो आत्मविश्वास बढ्दै जानाले मनमा शाान्ति मिल्नेछ। आर्थिक पक्ष बलियो रहनेछ। आयआर्जन बढ्नेछ। खर्च नियन्त्रणमा रहनेछ। बचत गर्ने अवसर मिल्नेछ। आफ्नो समय, धन र जिम्मेवारीलाई व्यवस्थित गर्न सफल हुँदा आत्मसन्तुष्टि बढ्नेछ। घरायसी आवश्यकताका विषयमा गरेको निर्णय दीर्घकालसम्म उपयोगी बन्न सक्छ। मध्य सातातिर जीवनशैलीमा सानो परिवर्तनले ठूलो सहजता ल्याउन सक्छ। यो साता लक्ष्मिमातालाई सेतो फूल अर्पण गरी घ्यूको दीप बाल्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ४ र ६ रहेको छ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे) साताको अधिकांश समय राम्रो रहेकोले सकारात्मक सोचको विकास हुनेछ भने नयाँ प्रविधिको प्रयोग गरी समय अनुसार अपडेट हुन सकिनेछ । कामको खोजिमा हुनेहरूले नयाँ काम पाउने तथा गरिरहनेहरू बढुवा हुन सक्ने योग रहेको छ । लामो समयदेखि रोकिएका कामहरू बन्नुको साथै गरिरहेको कामबाट मनग्गे आम्दानी हुनेछ । समाजमा तारिफयोग्य काम गरी नाम कमाउन सकिनेछ भने सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्नेछ । व्यापार, शेयर बजार तथा औद्योगिक क्षेत्रमा लगानी गरी थोरै भए पनि नाफा कमाउन सकिनेछ । आफन्त तथा जीवनसाथीको साथ पाइने हुनाले मन प्रसन्न हुनेछ । उच्च शिक्षाको लागी लामो दुरीको यात्रा हुनेछ । व्यापार तथा शेयर बजारमा लगानी गर्ने समय रहेको छ । घरायसी सुख सुविधा भरपुर मात्रामा प्रयोग गर्न पाइनेछ । साताको सुरु अर्थात आइतबार यात्रा गर्दा, सवारी साधन तथा घरायसी औजारहरूको प्रयोग गर्दा ध्यान दिनुहोला ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो) साताको प्रारम्भमा लामो समयदेखि मनमा रहेको उद्देश्यलाई स्पष्ट रूप दिन अनुकूल वातावरण बन्नेछ। टाढाको योजना, अध्ययन वा अनुभव सम्बन्धित विषयले विशेष प्राथमिकता पाउनेछन् । साताको मध्यतिर अनुभवी व्यक्तिसँगको भेटघाटले सोच्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। साताको अन्त्यतिर वैवाहिक मधुरता बढ्नेछ भने दाम्पत्य जीवनमा आपसी समझदारी कायम रहनेछ । पारिवारिक सहयोगले आत्मविश्वास बढ्नेछ। स्वास्थ्य सामान्यतया राम्रो रहने भए पनि खानपान र आराममा ध्यान दिनु उचित हुनेछ। बिहीबार भगवान् विष्णुलाई तुलसी अर्पण गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गुलाबी र सेतो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**कन्या** (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) साताको प्रारम्भमा व्यवस्थित योजना र सूक्ष्म विश्लेषणले तपाईंलाई अरूभन्दा एक कदम अगाडि राख्नेछ। अधुरा कागजी काम, हिसाब किताब पूरा गर्ने योग साताभरी रहिरहनेछ। साताको मध्यमा अनुभवभन्दा पनि तयारीले राम्रो परिणाम दिलाउनेछ। दैनिक कार्यतालिकामा सुधार ल्याउँदा कामको चाप सहज रूपमा सम्हाल्न सकिनेछ। आफ्नो सीपलाई अझ निखार्ने अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा मन हलुका हुने गरी कुनै पुरानो जिम्मेवारीबाट मुक्त हुने अवस्था बन्न सक्छ। दुर्गामाताको आराधना गरेर कार्य थालनि गर्दा कार्यसफल हुनेछ। यो साताको शुभ रंग हरियो र पहेलो हो भने शुभ अंक १ र ३ रहेको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी) साताको प्रारम्भमा अनुशासन र निरन्तरताको परीक्षा हुने समय रहनेछ। अरूले नदेखेका साना कामलाई पनि जिम्मेवारीपूर्वक पूरा गर्दा ठूलो उपलब्धिको आधार तयार हुनेछ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ। साताको मध्यमा पुरानो अनुभवले कठिन निर्णयलाई सहज बनाउन मद्दत गर्नेछ। भाग्यले साथ दिने योग साताभरीनै रहनेछ। रोकिएका काम पूरा हुनेछन्। प्रेम सम्बन्धमा विश्वास र आत्मीयता बढ्नेछ। परिवारमा खुसीको वातावरण रहनेछ। स्वास्थ्यप्रति सचेत रहँदा दिन अझ सुखद रहनेछ। साताको अन्त्यमा आफुले गरेको मेहनतको मूल्य प्राप्त गर्ने अवसर मिल्नेछ। शनिबार पीपलको रुखमा जल अर्पण गरी दीप प्रज्वलन गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गाढा निलो र खैरो हो भने शुभ अंक १ र ४ रहेको छ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा) साताको प्रारम्भमा जिज्ञासा र सिक्ने इच्छाले समयलाई उपलब्धिमूलक बनाउनेछ। नयाँ विषय बुझ्ने, सीप बढाउने वा विचार आदानप्रदान गर्ने अवसर प्रशस्त रहनेछन्। बोलेको शब्दले राम्रो प्रभाव पार्ने भएकाले संवादमा स्पष्टता कायम राख्नु उपयुक्त हुनेछ। कुनै महत्त्वपूर्ण सूचना वा सन्देशले तपाईंको आगामी योजना परिवर्तन गर्न सक्छ। मध्य सातातिर लेखन, अध्ययन वा प्रस्तुतीकरणसँग सम्बन्धित कार्यमा विशेष सफलता प्राप्त हुनेछ। प्रेम सम्बन्ध सबल रहन्छ। आपसी विश्वास बढ्नेछ। मनका कुरा व्यक्त गर्न सहज होला। साताभरी गणेशजीलाई दूबो र जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग हरियो र फिक्का पहेँलो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते) तपाईंको व्यक्तित्व र नेतृत्व क्षमताले यो साता विशेष प्रभाव छोड्नेछ। अरूले पन्छिएका जिम्मेवारी तपाईंले सफलतापूर्वक सम्हाल्न सक्ने अवस्था बन्नेछ। आफ्नो निर्णयमा दृढ रहँदा सम्मान र विश्वास दुवै बढ्नेछ। मध्य सातातिर नयाँ लक्ष्य निर्धारण गर्ने प्रेरणा मिल्नेछ। प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त हुनेछ। हरेक काममा धैर्य र आत्मविश्वासको सन्तुलन कायम राख्न सके राम्रो उपलब्धि हात पर्नेछ। प्रतिष्ठासँग जोडिएका विषयमा सकारात्मक परिवर्तन देखिने योग रहेको छ।आइतबार सूर्यलाई तामाको पात्रबाट जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग निलो र रातो हो भने शुभ अंक १ र ७ रहेको छ।

**कुम्भ** (गू,गे,गो,सा,सी,सू,से,सो,दा) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डु,डे,डो) साताको प्रारम्भमा आफ्ना भावना र जिम्मेवारीबीच सन्तुलन कायम राख्न सक्नु नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ । घरको वातावरणलाई व्यवस्थित बनाउन तपाईंको भूमिका महत्त्वपूर्ण बन्नेछ। नजिकका व्यक्तिको विश्वास जित्ने अवसर प्राप्त हुनेछ। पहिलाका अनुभवले अहिले सही निर्णय लिन सहयोग गर्नेछन्। मध्य सातातिर घर, जमिन वा पारिवारिक व्यवस्थापनसँग सम्बन्धित विषयमा ध्यान दिनुपर्ने हुन सक्छ। आफ्ना प्रियजनका लागि गरेको सानो प्रयासले ठूलो खुसी ल्याउन सक्छ। साताभरी मनमा शान्ति र सन्तोषको अनुभूति हुने योग रहेको छ। साताभरी भोलेनाथको आराधना गरी ॐ नमः शिवाय मन्त्र जप गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हल्का निलो हो भने शुभ अंक २ र ८ रहेको छ।

**वृश्चिक**(तो,ना,नी,नू,ने,नो,या,यी,यू) साताको समय राम्रो रहेकोले शुभ चिन्तकहरूको सहयोग तथा सद्भाव पाइने हुनाले समयमा नै कामहरू सम्पन्न हुनेछन् । रमाइलो तथा पारिवारिक माहौलमा दिन बित्नेछ भने मिष्ठान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ । व्यापार, शेयर बजार तथा उद्योगमा सानो लगानीबाट पनि धन आर्जन गर्न सकिनेछ । अध्ययनमा तपाईंको नाम अग्र स्थानमा आउनेछ । भौतिक साधन स्रोत तथा उपकरण जुट्नाले दैनिक काम गर्न सहज हुनेछ । प्रेम तथा मित्रताको बन्धन कसिलो भएर जानेछ । प्रशासनिक क्षेत्रमा तपाईंको वर्चस्व रहनेछ भने सामाजिक उत्तरदायित्व बहन गर्ने समय रहेको छ । धार्मिक प्रतिष्ठान तथा मन्दिर तिरको यात्रा गरी टीका तथा प्रसाद ग्रहण गर्ने अवसर जुर्नेछ । लामो दुरीको शैक्षिक तथा धार्मिक यात्राको प्रबल सम्भावना रहेको छ । भाग्यले साथ दिने हुँदा थोरै लगानीबाट पनि प्रशस्त रुपैयाँ पैसा कमाउन सकिने तथा आर्थिक रूपमा सबल हुने ग्रहयोग रहेको छ ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची) साताको प्रारम्भमा कला, साहित्य, संगीत वा आध्यात्मिक विषयमा रुचि अझ गहिरो बन्न सक्छ। समयको सदुपयोगले ठूलो उपलब्धि दिलाउनेछ। आर्थिक उन्नतिको संकेत देखिन्छ। नयाँ काम सुरु गर्न अनुकूल समय रहनेछ। स्वास्थ्य सबल रहनेछ। परिवारबाट प्रेरणा प्राप्त हुनेछ। साताको मध्यमा सेवा, सहयोग वा परोपकारसँग सम्बन्धित कामले आत्मिक सन्तुष्टि दिलाउन सक्छ। साताको अन्त्यमा एकान्तमा बिताएको केही समयले मनलाई शान्त र ऊर्जावान बनाउनेछ। माता पार्वतीको आराधना र प्रार्थना गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग पहेँलो शाही निलो हो भने शुभ अंक ४ र ८ रहेको छ।




**क्यान्सर** भयो भने यसको पूर्ण उपचार असम्भव छ भन्ने धेरैलाई लाग्छ। तर त्यस्तो होइन।

अहिले ९० प्रतिशत क्यान्सरको उपचार सम्भव छ। तर हामीले कुनै पनि लक्षणको पहिचान छिटो गर्न सक्नुपर्छ।

कसैको मुखमा घाउ छ, ठीक भएको छैन, बिना कारण दुखिरहेको छ, रगत निस्किएको छ, दाँतबाट रगत आइरहेको छ या दाँत झर्दैछ भने होसियारी अपनाउनुपर्छ।

घाँटीमा गाँठो छ, दिसामा रगत देखिएको छ, खोक्दा रगत आउने भएको छ भने तुरून्तै चिकित्सककहाँ गएर सल्लाह लिनुपर्छ। ताकि सुरूआती चरणमै ख्याल गरियो भने उपचार गर्न सकिन्छ र बिरामी पनि ठीक हुन सक्छ।

क्यान्सर छ वा हुँदैछ भनेर हामीले भन्न गाह्रो हुन्छ। तर अलिकति सतर्कता अपनाइयो भने केही सहज हुन सक्छ भन्ने हो।

क्यान्सरको पहिलो र दोस्रो चरणमा पत्ता लगाउन सके जुनसुकै क्यान्सर पनि निको हुन सम्भव छ। तर चौथो चरणमा पुगेपछि मात्र थाहा भयो भने निको हुने सम्भावना पनि कम हुन्छ भने खर्च पनि धेरै लाग्छ। त्यसले गर्दा यसलाई जतिसक्दो छिटो हामीले पत्ता लगाउने कोसिस गर्नुपर्छ।

सबैभन्दा छिटो र सहज तरिकाले पहिचान गर्न सकिने क्यान्सर भनेको नाक, कान, घाँटीको हो। अर्को स्तन क्यान्सर पनि पत्ता लगाउन अलि सहज हुन्छ। नुहाउँदा खेरी तपाईंले गाँठो पत्ता लगाउन सक्नुहुन्छ। फोक्सोको क्यान्सर भने नदुख्ने अनि देख्नसमेत नसकिने भएकाले पत्ता लगाउन कठिन हुन्छ। क्यान्सरको स्क्रिनिङको पनि कुरा आउँछ। कस्ता व्यक्तिले स्क्रिनिङ गराउने भन्ने हो। जसको परिवारमा कसैलाई क्यान्सर भइसकेको थियो भने त्यस्ता व्यक्तिले क्यान्सरको स्क्रिनिङ गराउनुपर्छ।

विशेष गरेर छातीको, पेटको या कुनै पनि नाक, कान, घाँटीको क्यान्सर भएको परिवारमा उनीहरूले स्क्रिनिङ गराउन जरूरी हुन्छ।

क्यान्सर हुने एउटा उमेर हुन्छ। तर क्यान्सर भएका मध्ये धेरैलाई ४० वर्ष कटेपछि हुन्छ। स्तन क्यान्सरको भने अलि चाँडो स्क्रिनिङ गर्न जरूरी हुन्छ।

हाम्रो खानपान र रहनसहनले गर्दा सानै उमेरदेखि पनि क्यान्सर हुन थालेको छ। अर्को कुरा, जति युवा उमेरमा क्यान्सर भयो, क्यान्सर पनि त्यति नै कडा हुन्छ। युवावस्थामा शरीरका अंग जति सक्रिय हुन्छन्, क्यान्सरको भाइरस पनि उत्तिकै सक्रिय हुन्छ।

क्यान्सर उपचारको कुरा गर्ने हो भने १० वर्षअघि र अहिले धेरै प्रगति भइसकेको छ। क्यान्सर हुने विभिन्न कारणहरू भनिए पनि यसको खास कारण के हो भन्ने अझै पत्ता लागिसकेको छैन। अहिले उपचारका लागि नयाँ-नयाँ प्रविधि आइसकेका छन् रोबोटिक सर्जरीले गर्दा उपचारमा पनि सहज भइसकेको छ। यसले गर्दा बिरामीलाई पीडा कम हुने अनि कस्मेटिक रूपमा समेत घाउ सानो हुने हुन्छ। प्रविधिका कारण चौथो चरणको क्यान्सरलाई पनि नियन्त्रण गर्ने क्रम बढेको छ।

समग्रमा क्यान्सरको उपचारमा धेरै फड्को मारेको छ। अहिले उपचारका कारण क्यान्सरका बिरामीको आयुसमेत बढिरहेको छ।

क्यान्सरका बिरामीको उपचार गर्दा अलि कडा खालका औषधि प्रयोग हुने भएकाले बिरामीलाई पीडा र धेरै खर्च पनि हुन सक्छ।

पहिलो र दोस्रो चरणका क्यान्सरको उपचार गरेपछि पहिलेकै अवस्थामा पुर्‍याउन सक्ने सम्भावना धेरै हुन्छ। यी दुई चरणका क्यान्सरको उपचारपछि निको हुने सम्भावना ९० प्रतिशत हुन्छ। *(नाक, कान, घाँटी क्यान्सर सर्जन एवम् रोबोटिक सर्जन डा. विकास गुरूङ मणिपाल अस्पताल नयाँ दिल्लीमा कार्यरत छन्)*

snf÷;flxTo

# अन्तराष्ट्रिय नेपाली साहित्य समाजको महाधिवेशन



**काठमाडौं**/ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याप्टरको चौथो महाधिवेशनबाट अध्यक्षमा साहित्यकार मञ्जिला अनिल निर्वाचित भएकी छिन्। अनामनगरस्थित सामाजिक विकास समाजको सभाकक्षमा आयोजित चुनावी सभामा सम्पन्न मतदानबाट निर्वाचित अध्यक्ष मन्जिला अनिल आगामी दुई वर्ष (सन् २०२६-२८)को कार्यकालका लागि अध्यक्ष निर्वाचित भएकी हुन्।

चुनावी साधारण सभा अनेसास केन्द्रीय समितिबाट पर्यवेक्षक तथा प्रतिनिधिका रूपमा उपस्थित केन्द्रीय सचिव ऋषभदेव घिमिरे, पूर्व केन्द्रीय सल्लाहकार प्रा.डा खगेन्द्र लुइटेल, पूर्व अध्यक्ष राधेश्याम लेकाली, पूर्व सल्लाहकार प्रतीक ढकाल,नेपाल च्याप्टरका सल्लाहकार महेश पौडेल, डा. रामप्रसाद दाहाल नेपाल च्याप्टरका पूर्व अध्यक्ष सन्ध्या पहाडीलगायत आजीवन सदस्यहरूको उल्लेख्य उपस्थितिमा सम्पन्न भएको थियो।

अध्यक्षबाहेक अन्य सबै पदका लागि उम्मेद्वारहरू निर्विरोध निर्वाचित भएका हुन्। यसरी निर्वाचित हुनेहरूमा वरिष्ठ उपाध्यक्षमा कमला वली, उपध्यक्षमा रञ्जना निरौला, महासचिवमा रमेश दाहाल, सचिवमा खेमराज न्यौपाने र कोषाध्यक्षमा कमला रिसाल छन्।

यसैगरी कार्यसमिति सदस्यहरूमा क्रमशः साहित्यकारहरु रत्नलक्ष्मी श्रेष्ठ, राधिका गुरागाइँ, केवला भट्टराई, देवेन्द्र पराजुली, सुषमा आचार्य, उषा केसी, डीआर राई, शान्ति न्यौपाने रिसाल र इन्दिरा ढकाल छन्।

नयाँ कार्यसमितिको निर्वाचनसँगै निवर्तमान अध्यक्ष राजेन्द्र केसीको नेतृत्वमा रहेको कार्यसमितिको कार्यकाल औपचारिक रूपमा समाप्त भएको छ। अब नवनिर्वाचित कार्यसमितिले दुई जना कार्यसमिति सदस्य तथा केही सल्लाहकार मनोनित गर्ने छ। समितिको कार्यकाल दुई वर्षको रहनेछ।

# इष्टर्न स्टारका बिद्यार्थीलाई सचेतना कार्यक्रम

**दमक**/ झापाको दमक-७ स्थित इष्टर्न स्टार बोर्डिङ स्कूलमा अनलाइन सुरक्षा, डिजिटल साक्षरता तथा साइबर सुरक्षासम्बन्धी सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको Surf Smart 2.0 कार्यक्रम बुधबार सम्पन्न भएको छ। प्रज्वल श्रेष्ठको सहजीकरणमा सञ्चालन भएको कार्यक्रमको आयोजना तथा समन्वय हिमालय रोभर रेन्जर स्काउट क्रिउले गरेको हो। प्रशिक्षणमा कुल ४७ जना स्काउट सदस्यको सहभागिता रहेको आयोजकले जनाएको छ।

कार्यक्रममा सहभागीहरूलाई अन्तरक्रियात्मक सत्र तथा व्यवहारिक अभ्यासमार्फत अनलाइन सुरक्षा, जिम्मेवार कृत्रिम बुद्धिमत्ताको आधारभूत ज्ञान, डिजिटल साक्षरता र साइबर सुरक्षाका उपायहरूबारे जानकारी प्रदान गरिएको थियो। प्रशिक्षणले सहभागी स्काउट सदस्यहरूलाई डिजिटल प्रविधिको सुरक्षित, जिम्मेवार र सचेत प्रयोगका लागि आवश्यक व्यवहारिक ज्ञान तथा सीप विकास गर्न सहयोग पुगेको इष्टर्न स्टारका संस्थापक निर्देशक लक्षुदास (एलडी) राईले विश्वास व्यक्त गरे।



# पहिलो पाइला नेपाल कमल शाखाको पदस्थापन




**दमक**/ पहिलो पाइला नेपाल कमल शाखाको कार्यसमितिको पदस्थापन कार्यक्रम सम्पन्न भएको छ। हालै गठन भएको शाखा अध्यक्ष सन्जु निरौला नेतृत्वको कार्यसमितिको पदस्थापन कार्यक्रम शनिबार सम्पन्न भएको हो। कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राईको प्रमुख आतिथ्यमा आयोजित पदस्थापन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपानेको विशेष आतिथ्य रहेको थियो।

कमलमा गठन भएको सो संस्थाको कार्यसमिति उपाध्यक्षमा कुमार पराजुली, सचिवमा दिपेन्द्र खतिवडा र कोषाध्यक्षमा कोशिस भुजेल रहेका छन्। समितिका सदस्यहरुमा लीला बशिष्ठ भण्डारी, निकिता गौतम, आशिष प्रधान र रविन राई रहेका जनाइएको छ।

**लागूऔषध दुर्व्यसन नियन्त्रण गरौं**

- लागूऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागूऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागूऔषध प्रयोग नगरौं/नगराऔं।

**लागूऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं**

**दमक नगरपालिका**
३ नम्बर वडा कार्यालय, दमक झापा

# कमल गाउँपालिकाले गर्यो उपचारसेवामा छुट सम्झौता



**बिराटनगर/** कमल गाउँपालिका र नोबेल मेडिकल कलेज टिचिङ अस्पताल प्रा.लि. बिराटनगर तथा काठमाडौं मेडिकल कलेजबीच स्वास्थ्योपचारमा छुट सहुलियत सम्बन्धी महत्वपूर्ण सम्झौता भएको छ । कमल गाउँपालिकाका नागरिकले स्थानीयस्तरमा उपलब्ध स्वास्थ्य सेवाभन्दा थप विशेषज्ञ तथा जटिल उपचार आवश्यक पर्दा स्तरीय शिक्षण अस्पतालमा सहज पहुँच प्राप्त गर्न सकून् भन्ने उद्देश्यले त्यस्तो सम्झौता गरिएको गाउँपालिकाले जनाएको छ ।

सम्झौता अनुसार कमल गाउँपालिकाभित्र स्थायी रूपमा बसोबास गर्ने नागरिकले सम्झौतामा उल्लेखित सर्तअनुसार नोबेल मेडिकल कलेज टिचिङ अस्पताल र काठमाडौं मेडिकल कलेजमा उपचार गराउँदा विशेष छुट तथा सहुलियत प्राप्त गर्ने छन् ।

## नोबेलमा २० प्रतिशतसम्म छुट

सम्झौता अनुसार नोबेलमा कमल गाउँपालिकाका नागरिकले अस्पतालमा उपलब्ध उपचार सेवामा २० प्रतिशतसम्म छुट सुविधा प्राप्त गर्ने छन् भने नेपाल सरकारद्वारा सञ्चालित स्वास्थ्य बीमा तथा अन्य स्वास्थ्य उपचार कार्यक्रमसँग सम्बन्धित सुविधा उपयोग गर्न सक्ने व्यवस्था रहेको सम्झौतामा उल्लेख छ । स्वास्थ्य बीमाको अवधि समाप्त भएका वा बीमा क्रियाशील नभएका बिरामीले समेत सम्झौतामा तोकिएका सर्त र प्रक्रियाअनुसार छुट सुविधा प्राप्त गर्न सक्नेछन् ।

## केएमसीमा २५ देखि ४० प्रतिशतसम्म सहुलियत

त्यसैगरी, काठमाडौं मेडिकल कलेजसँग भएको सम्झौता अनुसार कमल गाउँपालिकाका नागरिकलाई काठमाडौंको केएमसी अस्पतालमा विशेषज्ञ स्वास्थ्य उपचारका लागि थप राहत दिने अपेक्षा गरिएको छ।

सम्झौता अनुसार काठमाडौं मेडिकल कलेजको सिनामंगल क्याम्पसमा २५ प्रतिशत तथा दुवाकोट क्याम्पसमा ४० प्रतिशतसम्म छुट सुविधा उपलब्ध हुने उल्लेख गरिएको छ । विशेषज्ञ चिकित्सक तथा आधुनिक स्वास्थ्य सेवाको आवश्यकता पर्दा काठमाडौं जानुपर्ने बिरामी र उनीहरूका परिवारलाई यस सहकार्यले आर्थिक रूपमा समेत राहत पुग्ने अपेक्षा गरिएको छ ।

## स्वास्थ्य संस्था वा अस्पतालको रेफरल अनिवार्य

सम्झौताअनुसार सहुलियत प्राप्त गर्न बिरामीले कमल गाउँपालिका अन्तर्गतको नगर अस्पताल, स्वास्थ्य चौकी वा सम्बन्धित स्वास्थ्य संस्थाबाट थप उपचारका लागि सिफारिस तथा रेफरल भएको कागजात लिएर सम्बन्धित अस्पतालमा जानुपर्नेछ ।

सुविधा प्राप्त गर्न गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीको सिफारिस, आफ्नो ठेगाना खुल्ने परिचयपत्र तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि आवश्यक पर्ने व्यवस्था गरिएको छ । १६ वर्षमुनिका बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

## सबै सेवामा भने छुट लागू नहुने

सम्झौतामा उल्लेख भए अनुसार सहुलियत सुविधा प्रत्यक्ष स्वास्थ्य उपचारसँग सम्बन्धित तोकिएका सेवामा लागू हुनेछ। क्षँ विशेष तथा सौन्दर्यसम्बन्धी शल्यक्रिया, क्याबिन बसाइ तथा सम्झौतामा उल्लेख गरिएका केही विशिष्ट सेवामा भने छुट सुविधा लागू नहुने व्यवस्था गरिएको छ ।

त्यस्तै, उपचारका क्रममा प्रयोग हुने इम्प्लान्ट, सर्जिकल सामग्री, कन्ज्युमेबल सामग्री तथा औषधिजन्य केही खर्चमा छुट सुविधा उपलब्ध नहुने सम्झौतामा स्पष्ट गरिएको छ ।

## अध्यक्ष राईको प्रतिबद्धता कार्यान्वयन

कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले ४ वर्ष अघिको निर्वाचनताका नागरिकलाई आर्थिक अवस्थाका कारण गुणस्तरीय तथा विशेषज्ञ स्वास्थ्य उपचारबाट वञ्चित हुन नदिने भनि गरेको प्रतिबद्धता अनुरुप गाउँपालिकाबासीको स्वास्थ्य सेवा लक्षित कार्यक्रमहरु एकपछि अर्को गर्दै थप्दै गएका हुन् । अध्यक्ष राईको नेतृत्वमा स्थानीयस्तरमा स्वास्थ्य सेवा विस्तार गर्दै आवश्यक पर्दा प्रदेश तथा संघीय राजधानीमा रहेका विशेषज्ञ अस्पतालसँग संस्थागत सहकार्य गरी नागरिकलाई उपचारमा सहुलियत उपलब्ध गराउने प्रयास भइरहेको गाउँपालिकाले जनाएको छ ।

स्थानीय तहबाट उपलब्ध हुने प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवालाई सुदृढ बनाउँदै जटिल र विशेषज्ञ उपचार आवश्यक परेका बिरामीलाई व्यवस्थित रूपमा उच्चस्तरीय स्वास्थ्य संस्थासम्म पहुँच पुऱ्याउने उद्देश्यले यो सम्झौता गरिएको अध्यक्ष राईले बताए । मंगलबार भएको सम्झौता कार्यक्रममा कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राई, नोबेल मेडिकल कलेज टिचिङ अस्पताल तथा काठमाडौं मेडिकल कलेजका सम्बन्धित पदाधिकारीहरू, कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दीपक प्रसाद दाहाल, प्रशासन प्रमुख मनीष यादव लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी सरोकारवालाहरूले स्थानीय सरकार र प्रतिष्ठित स्वास्थ्य संस्थाबीचको सहकार्यले नागरिकको स्वास्थ्य उपचारमा पहुँच विस्तार गर्नुका साथै उपचार खर्चको भार कम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए ।

नोबेल मेडिकल कलेजसँग गरिएको सम्झौता हस्ताक्षर भएको मितिबाट एक वर्षसम्म कायम रहने व्यवस्था गरिएको छ भने सम्झौतामा आवश्यकता अनुसार दुवै पक्षको सहमतिमा संशोधन तथा परिमार्जन गर्न सकिने उल्लेख छ । काठमाडौं मेडिकल कलेजसँगको सम्झौता पनि निर्धारित अवधिसम्म कायम रहने तथा आपसी सहमतिमा सम्झौताका प्रावधानहरू परिमार्जन गर्न सकिने व्यवस्था रहेको छ ।

# क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा वार्षिक समीक्षा



**कमल/** कमल गाउँपालिका र अन्तर्गतका स्वास्थ्य संस्थाहरूको "क्षयरोग कार्यक्रमको योजना तर्जुमा, कोहोर्ट विश्लेषण तथा कार्यक्रमहरूको वार्षिक समीक्षा" कार्यक्रम बुधबार सम्पन्न भएको छ । कार्यक्रममा कमल गाउँपालिका अन्तर्गत सञ्चालित क्षयरोग कार्यक्रमको गत आर्थिक वर्ष २०८२/०८३ को प्रगति, उपलब्धि, कोहोर्ट विश्लेषण, उपचार नतिजा तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूका विषयमा विस्तृत समीक्षा तथा छलफल गरिएको थियो । साथै, आगामी आर्थिक वर्षका लागि क्षयरोग नियन्त्रण कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक योजना, कार्ययोजना तथा कार्यान्वयन रणनीतिबारे छलफल गरी प्रतिबद्धता समेत गरिएको थियो ।

कार्यक्रमलाई कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव कुमार ढकाल, स्वास्थ्य शाखा प्रमुख दिपक प्रसाद दहाल, स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य अधिकृत खुश्बु राई तथा क्षयकुष्ठ अधिकृत बिरेन्द्र दासले सहजीकरण गरेका थिए । कार्यक्रममा कमल गाउँपालिकाअन्तर्गतका डट्स सेन्टरका क्षयकुष्ठ कार्यक्रम फोकल पर्सन तथा माइक्रोस्कोपी सेन्टरका ल्याब फोकल पर्सनहरूको सहभागिता रहेको थियो ।

हाल कमल गाउँपालिकामा कमल नगर अस्पताल, लखनपुर स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्र कमल-०१, बाँसबारी गरी तीन वटा स्वास्थ्य संस्थामा डट्स सेन्टर तथा ई.टी.बी. कार्यक्रम सञ्चालनमा रहेको छ । त्यसैगरी, कमल नगर अस्पताल, कमल-०२ र लखनपुर स्वास्थ्य चौकी, कमल-०६ मा माइक्रोस्कोपी सेन्टर सेवा उपलब्ध रहेको कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले जानकारी दिए ।

कार्यक्रममा गत आर्थिक वर्षमा सञ्चालित क्षयरोग कार्यक्रमको समग्र अवस्था, उपलब्धि तथा चुनौतीहरूको समीक्षा गर्नुका साथै आगामी वर्षका लागि आवश्यक योजना तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयनका लागि प्रतिबद्धता गरिएको थियो। क्षयरोगको समयमै पहिचान, निदान तथा उपचारमा निरन्तरता कायम गर्दै समुदायस्तरमा क्षयरोग खोजपड्ताल तथा नियन्त्रणका गतिविधिलाई थप प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको थियो । कार्यक्रमले क्षयरोग नियन्त्रणका लागि स्थानीय तह, स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थाबीचको समन्वयलाई थप मजबुत बनाउँदै आगामी दिनमा क्षयरोगको पहिचान, निदान, उपचार तथा नियन्त्रणका गतिविधिलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।


रुख-बिरुवा रोपौं, वातावरण जोगाऔं,
वन क्षेत्रमा चरिचरन बन्द गरौं ।
आगलागी तथा डढेलोबाट वन क्षेत्रलाई जोगाऔं ।

दमक नगरपालिकाको कार्यालय
दमक, झापा

दमक नगरपालिका
७ नं. वडावासीहरुमा विशेष अनुरोध

- व्यवसाय दर्ता र नविकरण वडा कार्यालय वा नगरपालिकामा समयमै गर्ने गरौं ।
- वडा कार्यालय वा नगरपालिकालाई बुझाउनु पर्ने सम्पति कर लगायतका सबै किसिमका कर समयमा नै तिरेर जरिवानाबाट बचौं ।
- आफ्नो घर टोलको सरसफाईमा आफैं जुटौं।
- लागूऔषधको प्रयोग, ओसारपसार गर्दै नगरौं, कसैले गरेको पाइएमा प्रहरी कार्यालयमा खबर गरौं।
- अपरिचित मानिसहरुको शंकास्पद क्रियाकलाप देखिए आवश्यक सोधपुछ गरौं ।
- आफ्नो घर वरपर अनिवार्य विरुवा रोपौं ।
- हरेक बालबालिकालाई नियमित लगाउनु पर्ने खोपहरु अनिवार्य लगाऔं ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकहरु र बालबालिकाको विशेष ख्याल राखौं।
- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने व्यवसाय कर, सम्पती कर आदी समयमै तिरेर जरिवानाबाट बचौं।
- घर बाहिर निस्किँदा, घरमा कोही नभएको समयमा राम्रोसँग ताला चाबी लगाएर मात्रै बाहिर निस्किने गरौं।
- सडक फुटपाथमा निर्माण सामग्री राख्ने, विस्कुन सुकाउने जस्ता आवागमनमा अवरोध हुने किसिमका अवरोध हुने क्रियाकलाप नगरौं।
- पटक पटक रुघाखोकी लाग्ने, ज्वरो आउने, झाडापखाला लाग्ने जस्ता स्वास्थ्य समस्या देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य जाँच गराऔं।

दमक नगरपालिका
७ नम्बर वडा कार्यालय (झापा)

# सिंहदेवी आबि कमल ७ मा शिक्षक अभिभावक संघ गठन



**दमक**/उत्कृष्ट शिक्षण संस्थाका रुपमा दर्ज भएको झापाको कमल गाउँपालिका-७ स्थित सिंहदेवी आधारभूत विद्यालयमा चन्द्रप्रसाद सुब्बाको अध्यक्षतामा नयाँ शिक्षक-अभिभावक संघ गठन गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थीको अनुशासन तथा सर्वाङ्गीण विकास र विद्यालय तथा अभिभावकबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले शिक्षक-अभिभावक संघ गठन गरिएको विद्यालयले जनाएको छ । गठित संघको अध्यक्षमा कमल-७ का चन्द्रप्रसाद सुब्बा चयन भएका छन् त्यस्तै सदस्य सचिवमा हरिकृष्ण दास चयन भएका छन् ।

संघका सदस्यहरूमा गौरादह-१ का मेघराज खतिवडा, कमल-७ की मिना बेश्रा, कमल-४ की रिता भट्टराई, कमल-६ की प्रेमिका बार्हाकोटी, गौरादह-१ की डेनमाया श्रेष्ठ, कमल-७ का चन्द्रप्रसाद भण्डारी र सन्तोष वान्तवा राई चयन भएका छन् । त्यसैगरी बिद्यालय व्यवस्थापन समिति अध्यक्ष रामकुमार गुरुङ (रबिन) र विद्यालयका प्रधानाध्यापक प्रसास दाहाल पदेन सदस्य रहेका छन् । नवनिर्वाचित शिक्षक-अभिभावक संघले विद्यालयको शैक्षिक वातावरण सुधार, विद्यार्थीको अनुशासन तथा क्षमता विकाससँगै विद्यालय र अभिभावकबीचको सम्बन्धलाई अझ मजबुत बनाउन भूमिका खेल्ने अपेक्षा गरिएको बिद्यालय व्यवस्थापन समिति अध्यक्ष गुरुङले बताए ।

# दमकका तीन व्यवसायीले गरे दुई लाख सहयोग


सुवास गड्तौंला


बद्री बराल


लोकनाथ सिग्देल

**दमक**/ झापाको दमकका तीन व्यवसायीहरुले भोटेकोशी नदीमा भदौ १० गते आएको बाढीका प्रभावितहरुको राहत तथा उद्धारका लागि प्रधानमन्त्री विपद् राहत तथा उद्धार कोषमा स्वैच्छिक रुपमा उल्लेखीय सहयोग रकम जम्मा गरेका छन् ।

दमकस्थित दमक कृषि डेरी एण्ड एग्रो प्रालि र र गर्तौला भेट्स फर्माका तर्फबाट कूल १ लाख १० हजार २ रुपैयाँ सहयोग रकम प्रदान गरिएको हो ।

दमक उद्योग वाणिज्य संघका तृतीय उपाध्यक्ष समेत रहेका ति उद्योग तथा व्यवसायीक फर्मका सञ्चालक सुभाष गर्तौलाले प्राकृतिक विपत्तीमा मानवीय सेवाको भावना राखेर सरकार मातहतको सो कोषको आधिकारिक बैंक खाता रहेको क्यू आर कोडमार्फत सो रकम प्रदान गरेका हुन् । यस अघि दमकस्थित सिग्देल डिपार्टमेन्टल स्टोरका सञ्चालक लोकनाथ सिग्देलले सोही कोषमा राहत तथा सहयोग स्वरुप ५१ हजार रुपैयाँ र ग्लोबल मेडिल्याब एण्ड सर्जिकल प्रालिका तर्फबाट सञ्चालक बद्री बरालले सोही कोषमा ५० हजार रुपैयाँ राहत तथा सहयोग स्वरुप प्रदान गरिसकेका छन् । बाढी पीडितहरुका लागि देशैभरबाट सहयोगी मनकारी दाताहरुले प्रदान गर्दै आएको सहयोग उदाहरणीय रहेको चर्चाका बीच दमकका व्यवसायीहरुले आफ्नो व्यवसायीक क्षेत्रबाट आर्जन गरेको नाफाको उल्लेखीय हिस्सा मानवीय सेवामा समर्पण गरेर नमुना प्रस्तुत गरेका हुन् ।

**दमक नगरपालिकाले ३१ लाख राहत पठाउने**

दमक नगरपालिकाले बाढीपीडितको राहत तथा उद्धारका लागि प्रधानमन्त्री राहत कोषमा ३१ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ ।

नगर कार्यपालिकाको बैठकले सो रकम सहयोग गर्ने निर्णय गरेको हो । नगरपालिकाले विपद्को यस कठिन समयमा प्रभावित नागरिकको राहतमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री राहत कोषमा रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

***मृतक......***त्रिशूली क्षेत्रमा अवतरण गरेका हुन् । निकाल्न हरसम्भव कोसिस भइरहेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

**२६१ पर्यटकको उद्धार**

बाढीमा परेर हराएका विभिन्न देशका पर्यटकमध्ये २६१ जनाको उद्धार गरिएको छ । नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार बुधबार बिहान भोटेकोशीमा गएको बाढीमा परेर सम्पर्कविहीन भएकामध्ये शनिबार साँझसम्म २६१ विदेशी पर्यटकको उद्धार गरिएको हो । बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएर हराएमध्ये १६ देशका २६१ पर्यटकको उद्धार गरिएको जानकारी दिए । उद्धार गरिएका पर्यटकमध्ये भारतका १६७, चीनका ४०, बेल्जियमका एक, बुल्गेरियाका एक, जर्मनीका चार, इटालीका तीन, माल्टाका चार, ओमानका एक, पोर्चुगलका एक, रसियाका दुई, स्पेनका दुई, स्वीजरल्यान्डका दुई, टर्कीका दुई, युक्रेनका आठ र अमेरिकाका तीन जना रहेका छन् ।

यस्तै, देश र परिचय नखुलेका २१ पर्यटकको उद्धार गरिएको बोर्डले जनाएको छ । बाढीमा परेर अझै ३२० पर्यटक सम्पर्कविहीन भएको नेपाल पर्यटन बोर्डले जनाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटन सरोकारवालाले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धारकार्यलाई तीव्रता दिएका छन् ।




*नेपाल प्रेस युनियन झापा शाखाको ११ औं जिल्ला अधिवेशनमा खगेन्द्र कार्की स्मृति पत्रकारिता पुरस्कारबाट पुरस्कृत लीला अनमोल, खगेन्द्र कार्की क्रियाशील पत्रकारिता पुरस्कारबाट पुरस्कृत सन्तोष विष्ट र खगेन्द्र पौडेल स्मृति युवा पत्रकारिता पुरस्कारबाट पुरस्कृत आत्मराम राजवंशी सामुहिक तस्वीरमा ।*

# किराँत राई यायोक्खा झापाको अधिवेशन भदौ २० र २१ गते




**बिर्तामोड** / किरात राई यायोक्खा जिल्ला कार्य समिति झापाको नवौं जिल्ला अधिवेशन भदौ २० र २१ गते विर्तामोडमा हुने भएको छ । बुधबार बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा अधिवेशनबारे जानकारी गराइएको हो ।

किरात राई यायोक्खा झापाका अध्यक्ष गणेश बहादुर राईले जनगणना २०७८ को तथ्याङ्क अनुसार झापामा करिव ६० हजार जनसंख्यामा राईहरु रहेको र २६ भाषी राईहरु मध्ये प्रायः सबै भाषी राईको झापामा बसोबास रहेको जानकारी दिए ।

प्रकृतिसँग रमाउने, आफ्नो कुल धर्मलाई सदैव शिरमा राखेर हिड्ने, सबै जातजाति, धर्म सम्प्रदायसँग मित्रभाव प्रकट गर्दै हिंड्ने किरात राईहरुको विषेशता रहेको जानकारी दिँदै सचिव गौरीमान राईले केही दाजुभाईले उठाउँदै आएको सुनसरीको धरान स्थित ऐतिहासिक किरात समुदायको स्थल विजयपुर दरवार आपसी समझदारीमा समाधान हुँदै गएको जानकारी दिए । अधिवेशन सम्पन्न गर्न लिलाबहादुर राईको संयोजकत्वमा तयारी उपसमिति, गौरिमान राईको संयोजकत्वमा आर्थिक उपसमिति, सन्देश राईको संयोजकत्वमा प्रचार प्रसार उपसमिति, चिजा राईको संयोजकत्वमा अतिथी सत्कार उपसमिति र सुनिल राईको संयोजकत्वमा युवा तथा स्वयंसेवक उपसमिति निर्माण गरिएको अध्यक्ष गणेशबहादुर राईले जानकारी दिए ।

यायोख्खाका केन्द्रीय अध्यक्ष जीवन हताचो राईको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना हुने कार्यक्रममा करिब ५ लाख खर्च हुने अनुमान गरिएको आयोजकले जनाएको छ ।

अधिवेशनबाट नयाँ समिति निर्माण हुने छ । वर्तमान अध्यक्ष राईले अध्यक्षमा पुन दोहोरिने संकेत गरे । साथीहरूले भन्नु भयो भने एक कार्यकाल दोहोर्याउन सक्छु, सक्षम साथीहरु योजना सहित आउनु भयो भने अध्यक्षको कुर्सीमा बसेर आउँछु - उनले भने ।

प्रचार प्रसार उपसमिति संयोजक सन्देश राईको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा अध्यक्ष गणेश बहादुर, सल्लाहकार दिपिन राई, जिल्ला सहकोषाध्यक्ष आनन्द राई र बिर्तामोड नगर अध्यक्ष बेनु राईको उपस्थिति रहेको थियो ।

पान नं. ३०१५६२८४७ अनुमति पत्र नं.: १०/०७८/७९
दमक ड्राईभिङ ट्रेनिङ सेन्टर
प्रो. पवन लिम्बू
९८५२६५५७९५
९८१७०००७९५
अफिस
९८४२६२२४८७
९८०१६१५१०२
लिङ्देन मिनि मार्केट, दमक-५, झापा

ट्रायल स्पोर्ट: मिष्ट कलेज पश्चिम, ४ नं. वडा कार्यालय छेउ
क र ख को मापदण्ड अनुसार ट्रायल स्पोर्ट तयार गरिएको ।
प्रत्येक शुक्रबार सिटी सफारी चालकलाई प्रशिक्षण

■ प्रकाशक/सम्पादक : सुशीला पौडेल,
■ मुद्रण : अरुण छापाखाना दमक-६,झापा,
■ कार्यकारी सम्पादक : विष्णु प्रसाद पौडेल,
■ सम्पर्क नं. ९८४२६६६३१४
■ Gmail: nishkarshamedia2078@gmail.com